# ALL INDIA RADIO GANGTOK

## NEPALI NEWS BULLETINS

**BROADCAST 18.40HRS** **DATE:17.05.2024**

***Lok sabha election***

लोकसभा चुनाउको पाँचौ चरणका लागि प्रचार तीब्र भएको छ। विभिन्न राजनीतिक दलका प्रमुख नेताहरूले ऱ्याली तथा जनसभा गरिरहेछन्। मतदान आउँदो सोमवार बीस मईका दिन हुनेछ। यसैवीच सातौं तथा अन्तिम चरणका लागि नाम फिर्ता लिने आज अन्तिम दिन हो। यस चरणमा सात राज्य र एक केन्द्रशासित प्रदेश का सन्ताउन्न लोकसभा सीटहरूमा मतदान हुनेछ। उत्तर प्रदेश र पंजाबका तेह्र तेह्र, पश्चिम बंगालका नौ, विहारका आठ, ओडिसाका छ, हिमाचल प्रदेशका चार, झारखण्डका तीन र केन्द्रशासित प्रदेश चंडीगढ़को एउटा सीटमा सातौं चरणमा भोट हालिनेछ। मतदान पहिलो जूनमा हुनेछ। लोकसभा चुनाउका मतगणना चार जूनका दिन गरिनेछ।

***Pakyong meeting***

पाकिममा जिल्लाधीश तथा जिल्ला निर्वचन अधिकारी श्री टाशी छोपेलले पाकिम रर्बन परिसरमा आज विभिन्न राजनीतिक पार्टीका प्रतिनिधिहरूसित बैठक गर्नुभयो। राजनीतिक पार्टीहरूलाई मतगणना प्रक्रियावारे विस्तृत जानकारी दिने उद्देश्यले बैठक डाकिएको थियो। यसमा बोल्दै जिल्ला निर्वचन अधिकारीले मतगणना टोली र यसको भूमिका, EVM र VVPAT को गणना प्रक्रिया र गणना अघि इलेक्ट्रोनिक डाक मतपत्र प्रणाली ETPBS को जाँचप्रक्रियावारे चर्चा गर्नुभयो। उहाँले चुनाउ एजेन्टहरूलाई निर्धारित समयभन्दा एक घण्टा, अघि आफ्नो परिचय पत्र र प्राधिकरण पत्र लिएर डिक्लिङ उच्चतर माध्यमिक विद्यालय स्थित प्रेक्षा गृहको मतगणना केन्द्रमा उपस्थित रहने परामर्श दिनुभएको छ। श्री छोपेलले भन्नुभयो केन्द्रभित्र सेलफोन लैजाने अनुमति छैन र मतगणना एजेन्टहरू वरपर हिड़िरहन पाउने छैनन्। जिल्लाधीशले मतगणना प्रक्रिया स्वच्छ रहेको सुनिश्चित गर्न भारतको निर्वाचन आयोगको दिशानिर्देश अनुरूप सबै आवश्यक सुरक्षा उपायहरू गरिने आशवासन दिनुभएको छ। पछि राजनीतिक पार्टीका प्रतिनिधिहरूले सम्वन्धित अधिकारीहरूसित मतगणना तयारीको समीक्षा गर्न मतदान केन्द्रको भ्रमण गरे।

***Postal ballots geyzing***

गेजिङ जिल्लामा आज प्राप्त भएका ETPBS प्रणाली अन्तर्गत मतदान गर्ने सेवा मतदाताहरूको अठारवटा डाक मतपत्रहरूलाई जिल्ला प्रशानिक केन्द्र राब्देन्सीको स्ट्रङ रूममा राखिएको छ। जिल्लालाई आजसम्म जम्मा एक सय सत्तरीवटा डाक मतपत्रहरू प्राप्त भएका छन्।

***Pakyong landslide rescue***

पाकिम जिल्लाको पाचेमा निर्माणाधीन नयाँ जिल्ला प्रशासनिक परिसरमा पैह्रो जानाले पुरिएका जम्मा छ जना मजदुरहरूलाई सुरक्षित रूपमा उद्धार गरिएको छ। निर्माणाधीन कार्यस्थलमा हिजो साँझा भएको यस दुर्घटनापछि रास्ट्रिय आपदा प्रतिक्रिया बल NDRF को दोस्रो वटालियन पाकिम पुलिस, जिल्ला आपदा प्रवन्धन प्राधिकरण र प्राथमिक स्वास्थ्य केन्द्रको शीघ्र र समन्वित प्रयासले घटना पिड़ितहरूलाई तुरन्तै उध्दार गर्ने सकिएको बताइन्छ। दुर्घटनामा ज्यान मालको क्षति भएको रिपोर्ट छैन। पाकिमका जिल्लाधीशले उध्दार कार्यमा संलग्न सबैलाई पुरिएका मजदूरहरूको ज्यान बचाउने अथक प्रयासका निम्ति कृतज्ञता प्रकट गर्नुभएको छ।

***DM mangan visits***

मंगनका जिल्लाधीश श्री हेमकुमार छेत्रीले आज उत्तर सिक्किमको टुङ र गत वर्षको भलबाड़ी प्रभावित क्षेत्रहरूको भ्रमण गर्नु भयो। टुङमा निर्माणाधीन स्पात पूलको प्रगतिवारे जाँच गर्न गएको टोलीमा पुलिस अधीक्षक, चुङथाङका महकुमा अधिकारी र महकुमा पुलिस अधिकारी, लाचेन लाचुङका पिपनहरू अनि लाचुङका चालक संघर होटेल संघका प्रतिनिघिहरू पनि सामेल थिए। भ्रमणावधिमा जिल्लाधीश र सीमा सड़क संगठनका अधिकारीहरूवीच आपदामा क्षतिग्रस्त भएका सड़क तथा पुलहरूको अवस्थावारे चर्चा भयो। अस्थाई स्पात पुलको निर्माण कार्य पूरा भएपछि यात्रीहरूले यसको उपयोग गर्न सक्ने बताइएको छ।

***Governer***

केन्द्रीय कृषि विश्वविद्यालय अधिन वागवानी महाविद्यालय सिक्किमका डीन, प्रोफेसर ए के पाणडे र प्रोफेसर यमुना पाण्डेले आज राजभवनमा राज्यपाल श्री लक्ष्मण प्रसाद आचार्यसित शिस्टाचार भेट गर्नुभयो। भेटघाटका बेला प्रोफेसर पाणडेले राज्यपाललाई एउटा पुस्तक हस्तान्तरण गर्नुभयो। श्री आचार्यले खाद्य सुरक्षा साथै पोषण तत्वको सुरक्षाको दिशामा वागवानी क्षेत्रसित सम्वन्धित यो पुस्तक उत्तम स्वस्थ्यका लागि निश्चयनै उपयोगी सिध्द हुने कुरो बताउनुभएको छ।

***Workshop tourism dept***

राज्यको पर्यटन तथा नागरिक उड्डयन विभागले गान्तोक जिल्ला प्रशासनसित मिलेर स्वदेश दर्शन योजना two point zero (2.0) अन्तर्गत गान्तोकमा आज एउटा कार्यशाला आयोजना गरयो। NIDHI पंजीकरण तथा Travel for life registration सम्वन्धमा आयोजना गरिएको कार्यशालामा NIDHI कार्यक्रम र पर्यटन क्षेत्रमा नवोन्नेस तथा विकासवारे अवगत गराइयो। विभागका प्रधान मुख्य अभियन्ता श्री नीरज प्रधान विशिस्ट अतिथि रहुनुभएको कार्यक्रममा अन्य वाहेक आतिथ्य प्रभागका अधिकारीहरू पर्यटनमा संलग्न व्यक्तिहरू र विभिन्न विश्वविद्यालयमा पर्यटन विषयमा अद्ययन र विद्यार्थीहरू सहभागी बने।

***Sitharaman CII Business summit***

केन्द्रीय वित्त मन्त्री श्रीमती निर्मला सीतारमनले भन्नुभएको छ भारतलाई दुई हजार सैंतालिस सालसम्ममा विकसित रास्ट्र बनाउनमा निजी क्षेत्रहरूको महत्वपूर्ण भूमिका रहनेछ। नयाँ दिल्लीमा आज व्यापार संगठनद्वारा आयोजित एउटा कार्यक्रममा बोल्दै उहाँले देश विकासको आवश्यकतामाथि जोड़ दिनुभयो। विभिन्न आर्थिक आंकलनको उल्लेख गर्दै श्रीमती सीतारमनले आउँदो पाँच वर्षमा भारतले वैश्विक विकासमा अठार प्रतिशतको योगदान दिनेछ। हरित अर्थव्यवस्थामाथि बल दिँदै केन्द्रीय वित्त मन्त्रीले भन्नुभयो हरित ऊर्जाको विकास हार्मो जिम्मेवारी हो।